आज मिति २०८२ साल जेठ १६ गते शुक्रबारका दिन बिहान ८ बजे यस नीलकण्ठ नगरपालिकाका नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिका बैठक बसी देहायका निर्णय गरियो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भीमप्रसाद ढुंगाना | नगर प्रमुख | |
| २ | श्री दिपक विश्वकर्मा | उप प्रमुख | |
| ३ | श्री पुरुषोत्तम सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री प्रकाश कुमार श्रेष्ठ | प्रवक्ता/वडा अध्यक्ष | |
| ५ | श्री गणेश बहादुर गुरुङ | वडा अध्यक्ष | |
| ६ | श्री ध्वजबहादुर गुरुङ | वडा अध्यक्ष | |
| ७ | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष | |
| ८ | श्री हरि बहादुर श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | श्री राम बहादुर श्रेष्ठ | वडा अध्यक्ष | |
| १० | श्री भुपेन्द्र कुमार श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री गौतमहरि अधिकारी | वडा अध्यक्ष | |
| १२ | श्री राजन बराइली | वडा अध्यक्ष | |
| १३ | श्री सरोज पाण्डे | वडा अध्यक्ष | |
| १४ | श्री राम बहादुर श्रेष्ठ | वडा अध्यक्ष | |
| १५ | श्री धर्मराज भण्डारी | वडा अध्यक्ष | |
| १६ | श्री सोम बहादुर गुरुङ | वडा अध्यक्ष | |
| १७ | श्री नमराज दुवाडी | वडा अध्यक्ष | |
| १८ | श्री चिनामाया श्रेष्ठ | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १९ | श्री राम्री नेपाली | कार्यपालिका सदस्य | |
| २० | श्री लक्ष्मण रम्तेल | कार्यपालिका सदस्य | |
| २१ | श्री शान्ता थापा | कार्यपालिका सदस्य | |
| २२ | श्री छनुमाया गुरुङ | कार्यपालिका सदस्य | |
| २३ | श्री मञ्जु मगर | कार्यपालिका सदस्य | |
| २४ | श्री बिशाल रोका | कार्यपालिका सदस्य | |
| २५ | श्री राजन अधिकारी | कार्यवाहक वडाअध्यक्ष | |

आमन्त्रित उपस्थिति

१. श्री दिपक कोइराला - नगर सल्लाहकार
२. श्री अर्जुन श्रेष्ठ - वरिष्ठ लेखा अधिकृत
३. श्री सरोज तिवारी - [illegible]
४.
५.
६.
७.
८.

मितिः २०८२।०२।१६ गते

**बैठकमा छलफलका विषयहरुः**

१. नगर सभाको मिति तय गर्ने सम्बन्धमा।

२. नगर सभामा उपस्थित हुने पदाधिकारीहरु/कर्मचारीहरु लगायत अन्य उपस्थितिको सुविधाका सम्वन्धमा।

३. आगामी योजनाका लागि सुझाव संकलन तथा अन्तरक्रिया कार्यक्रमका सम्बन्धमा।

४. शाखागता योजना तथा कार्यक्रमका लागि बजेट सिलिङ्ग निर्धारण गर्ने सम्वन्धमा।

५. साझेदारी परियोजना सञ्चालनका सम्बन्धमा।

६. वडागत सिलिङ्ग निर्धारण गर्ने सम्वन्धमा।

७. जिल्ला समन्वय समितिसँग साझेदारीमा कार्यान्वयन हुने योजनाहरुलाई बहुवर्षिय बनाउने सम्बन्धमा।

८. वडामा प्राप्त सिलिङबाट वडागत बहुवर्षिय योजना सञ्चालन गर्ने सम्वन्धमा।

९. वन वातावरण तथा विपद् व्यवस्थापन समितिका निर्णयहरुका सम्वन्धमा।

- वडा नं.४ स्थित पञ्चिस अर्घले सडकको मर्मत
- वडा नं. १३ स्थित पञ्चकन्या माध्यामिक विद्यालय मर्मत
- वडा नं. १३ स्थित केरौखोला तटबन्धन तथा सडक संरक्षण

१०. सामुदायिक भवन निर्माणका लागि सार्वजनिक जग्गा प्रयोग गर्ने सम्बन्धमा।

११. होमस्टे संचालन कार्यविधि-२०८१ स्वीकृति सम्बन्धमा।

१२. टोल विकास संस्था अनुदान रु २ लाख उपलब्ध गराउने सम्वन्धमा।

१३. आवश्यक कानून निर्माण कार्यमा सैद्धान्तिक सहमती दिने सम्वन्धमा।

- आन्तरिक आय व्यवस्थापन (जस्तै कबाडीको/ नदिजन्य पदार्थको ठेक्का लगाउने)

१४. मरेका जनवारहरु व्यवस्थापन कक्ष (Animal disposal pit) निर्माण गर्ने सम्बन्धमा।

१५. नीलकण्ठ नगरपालिका वडा नं. १२ को प्रहरी पोष्ट रहेको जग्गाको सम्वन्धमा।

१६. शिक्षा समितिको निर्णयका सम्वन्धमा।

१७. योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्वन्धमा।

१८. योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्वन्धमा।

१९. शीर्षक परिवर्तन गरी आयोजना कार्यन्वयन गर्ने सम्वन्धमा।

२०. नयाँ ट्रायक निर्माण सम्वन्धी योजना सम्झौता तथा कार्यान्वयन गर्ने सम्वनधमा।

२१. एकीकृत कार्यालय व्यवस्थापन प्रणाली उपलब्ध गराउन अनुरोध गर्ने सम्वन्धमा।

२२. अध्ययन विदाका सम्वन्धमा।

२३. दिशाजन्य लेदो व्यवस्थापनका सम्वन्धमा।

२४. अघिल्लो कार्यपालिकाका बैठकका निर्णयहरु समिक्षा गर्ने सम्वन्धमा।

२५. अन्य विविध विषयहरुका सम्वन्धमा।

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मिति: २०८२।०२।१६ गते

**निर्णयहरु:**

१. नगर सभाको मिति तय गर्ने सम्बन्धमा:

यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने नीति, कार्यक्रम तथा बजेटका सम्बन्धमा दोस्रो नगर सभाको सातौं अधिवेशन मिति २०८२ असार ०६ शुक्रवारका दिनबाट सुरु गर्ने निर्णय गरियो। साथै अधिवेशनमा खर्च किफायती शैलिमा सञ्चालन गर्न नगरपालिकाको आफ्नै सिटि हलमा आयोजना गर्ने निर्णय गरियो।

२. नगर सभामा उपस्थित हुने पदाधिकारीहरु/कर्मचारीहरु लगायत अन्य उपस्थितिको सुविधाका सम्बन्धमा:

निर्णय नं.१ बमोजिम अधिवेशनमा उपस्थित हुने सभा सदस्यहरु एवम् अन्य आमन्त्रित सहभागीहरुलाई नगर सभा चलेको दिनको नियमानुसारको बैठक भत्ता र आते-जाते खर्च (यातायात) बापत रु १०००।- (अक्षेरुपी रु एक हजार) उपलब्ध गराई सहभागीहरुको अन्य कुनै पनि खर्च नब्यहोर्ने निर्णय गरियो।

३. आगामी योजना तथा कार्यक्रमहरुका लागि सुझाव संकलन तथा अन्तरक्रिया कार्यक्रमका सम्बन्धमा:

यस नगरपालिकालाई नागरिकमैत्री नगरपालिकाका रुपमा स्थापित गर्न आगामी नगर सभा हुनुपुर्व सम्पूर्ण सरोकारवाला संघ/संस्था एवम् नगरबासीहरुसँग सुझाव संकलन कार्यक्रम मिति २०८२ असार ०२ गते सोमबारका दिन आयोजना गर्ने निर्णय गरियो। साथै उक्त कार्यक्रममा चालु आ.व. २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेटका सम्बन्धमा मिति २०८२ जेष्ठ मसान्तसम्मको प्रगति विवरण सहित बार्षिक समिक्षा समेत गर्ने निर्णय गरियो।

४. शाखागत योजना तथा कार्यक्रमका लागि बजेट सिलिङ्ग निर्धारण गर्ने सम्बन्धमा:

यस नगरपालिकाको आगामी आ.व. २०८२/०८३ को बार्षिक योजना, कार्यक्रम तथा बजेटका सम्बन्धमा शाखागत योजना तथा कार्यक्रमका लागि देहाय बमोजिम हुने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ को उपदफा (१) बमोजिम गठित

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट प्राप्त सिलिङ्ग उपर छलफल गरी उक्त बैठकका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

## तपसिल

### तालिका नं. १

| सि.न | बजेट सिलिङको विवरण | | रकम रु |
|---|---|---|---|
| १ | आर्थिक विकास तर्फ | | १४५८५००० |
| | १.१ | सहकारी | ३४०००० |
| | १.२ | कृषि तथा पशु विकास | ६०९५००० |
| | १.३ | संस्कृति तथा पर्यटन पूर्वाधार | ६०००००० |
| | १.४ | उद्यम विकास तर्फ | १५००००० |
| | १.५ | उद्योग वाणिज्य तर्फ | ६५०००० |
| २ | सामाजिक विकास तर्फ | | १३४७०३३०० |
| | २.१ | महिला बालबालिका तथा समावेशीकरण | ५२००००० |
| | २.२ | शिक्षा तर्फ | ८७००३३०० |
| | २.३ | संचार क्षेत्र प्रवर्द्धन कार्यक्रम | ७००००० |
| | २.४ | स्वास्थ्य सेवा | २३५००००० |
| | २.५ | अन्य सामाजिक सहायता तर्फ | १४३००००० |
| | २.६ | आयुर्वेद तर्फ | १०००००० |
| | २.७ | युवा तथा खेलकुद | ३०००००० |
| ३ | पूर्वाधार विकास तर्फ | | १३६७००००० |
| | ३.१ | सशर्त समपुरक | ७५०००००० |
| | ३.२ | ग्राउण्ड क्रमागत | १००००००० |
| | ३.३ | नगर करिडोर निर्माण | ५०००००० |
| | ३.४ | नगर चक्रपथ निर्माण | ५०००००० |
| | ३.५ | सूचना प्रविधि | ४७००००० |
| | ३.६ | राष्ट्रिय रोजगार कार्यक्रमको तर्फको बजेटमा ... प्रतिशत साझेदारी रकमका लागि रकम व्यवस्थापन गर्ने | ० |
| | ३.७ | अन्य सार्वजनिक निर्माण (साझेदारी सहित) | १९०००००० |
| | ३.८. | प्रशासनिक भवन निर्माण क्रमागत | १८०००००० |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | | ६०००००० |
| ५ | संस्थागत विकास तथा सेवा प्रवाह | | ४८७५००० |

| | | |
|---|---|---|
| ६ | न्यायिक समिति | १०००००० |
| ७ | अनिवार्य दायित्व सिर्जना | ५४३६०००० |
| ८ | प्रशासनीक चालु | १६८२००००० |
| ९ | वडागत चालु तथा पुँजिगत खर्च | ८४०००००० |
| १० | विविध कार्यक्रम | २६६५०००० |
| ११ | योजना कार्यपालिका सदस्यहरुका लागि | ३०००००० |
| १२ | चेक काट्न बाँकी | ३८६०२३०९ |
| १३ | रोजगार प्रवर्द्धन कार्यक्रम (सामी) | १६६७०५४ |
| | **कुल जम्मा रु** | **६७४३४२६६३** |

५. साझेदारी परियोजना सञ्चालनका सम्बन्धमा:

यस नगरपालिकाको नगर गौरवको आयोजनको रुपमा निर्माणाधिन अवस्थमा रहेको नीलकण्ठेश्वर पार्क निर्माणको लागि नगरपालिकाद्वारा बार्षिक रुपमा बजेट बिनियोजन गरी आयोजना कार्यान्वनयको चरणमा रहेकोमा उक्त पार्क निर्माणका लागि नगरपालिकाको आन्तरिक स्रोत मात्र अपर्याप्त हुने भएकोले यस नगरपालिकाको दोस्रो नगरसभाको पाँचौ अधिवेशनको निर्णय नं. ५२ बमोजिम नीलकण्ठेश्वर पार्क निर्माणका लागि संघ र प्रदेश सरकारसँग आवश्यक रकम माग गर्ने निर्णयसमेत भएको हुदाँ बागमती प्रदेश सरकारसँगको साझेदारीमा (सहलगानी नगरपालिका ३० प्रतिशत र प्रदेश सरकार ७० प्रतिशत हुने गरी) उक्त पार्कको डि.पि.आर अनुसार निर्माण कार्य सञ्चालन गर्ने र निर्माण सम्पन्न पश्चात प्राप्त आम्दानीलाई स्थानीय संचित कोषमा ६०% र प्रदेश संचितकोषमा ४०% पठाउने प्रतिवद्धता सहित उक्त पार्कको डि.पि.आर अनुसारको रकम बिनियोजनका लागि आगामी आ.व.२०८२/०८३ बाट कार्यान्वयन हुने गरी बहुवर्षिय आयोजना सञ्चालनका लागि संस्कृति तथा पर्यटन मन्त्रालय बागमती, प्रदेश सरकारसमक्ष बहुवर्षिय आयोजना माग गर्ने निर्णय गरियो।

६. वडागत सिलिङ्ग निर्धारण गर्ने सम्बन्धमा:

यस नगरपालिकाको आगामी आ.ब. २०८२/०८३ को वार्षीक योजना, कार्यक्रम तथा बजेटमा प्रशासनिक तथा मर्मत सम्भार गरी देहायको शीर्षकहरुमा १४ वटै वडाहरुलाई चालु तथा पुँजीगत तर्फ रु ६० लाख हुने गरी बजेट सीमा निर्धारण गर्ने निर्णय गरियो।

साथै वडागत वजेट तयार गर्दा योजना तथा कार्यक्रम निर्माणका सवै प्रक्रिया पुरा गरी मिति २०८२ जेठ २५ गतेसम्म नगरकार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

तपसिल

क.पूर्वाधार निर्माण तर्फ रु ३० लाख

ख.साना तथा टुक्रे योजना तर्फ रु १० लाख

ग. आकस्मिक सडक मर्मत तर्फ अधिकतम रु ७ लाख

घ.लक्षित वर्ग तर्फ अधिकतम रु ५ लाख

ङ. प्रशासनीक चालु खर्च तर्फ अधिकतम रु ८ लाख

७. जिल्ला समन्वय समितिसँग साझेदारीमा कार्यान्वयन हुने योजनाहरुलाई बहुवर्षिय बनाउने सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाको ४० प्रतिशत र जिल्ला समन्वय समितिको ६० प्रतिशतको साझेदारी हुने गरी चालु आ.व.२०८१/०८२ मा सञ्चालित योजनाहरुलाई बहुवर्षिय योजनाको रुपमा कार्यान्वयन गर्ने र उक्त आयोजनाहरुको आयोजना समाप्त म्याद मिति २०८२ साल कार्तिकमसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो।

८. वडामा प्राप्त सिलिङवाट वडागत बहुवर्षिय योजना सञ्चालन गर्नेसम्वन्धमा:

आगामी आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी वडागत रुपमा विनियोजित वजेट सिलिङको सिमा भित्र रही यदी वडाहरुले एक वटा बहुवर्षिय योजना कार्यान्यवन गर्ने गरी रु ३५ लाख वरावरको एक आयोजना स्वीकृत गरी सिफारिस भइ आएमा उक्त आयोजनामा रु १५ लाख नगरपालिकाद्वारा थप गरी कुल ५० लाख वरावरको बहुवर्षिय आयोजनाको रुपमा स्वीकृत गरी सञ्चालन गर्ने निर्णय गरियो। साथै उक्त आयोजनाहरु वडाबाट छनौट हुदाँ क्रमश प्रथामिकता नं.१ वडा कार्यालय सम्म पुग्ने सडक स्तरोउन्नती, २. खानेपानी हुनुपर्नेछ र यी दुवै सम्पन्न भएको खण्डमा वडाको नमुना आयोजनाको रुपमा प्रस्तुत अन्य आयोजना स्वीकृत गरी कार्यान्वियन गर्ने सकिने गरी आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो।

९. वन वातावरण तथा विपद् व्यवस्थापन समितिका निर्णयहरुका सम्बन्धमा:

यस नीलकण्ठ नगरपालिकाको भौगोलिक क्षेत्र भित्र अत्याधिक वर्षाद्का कारण क्षति पन्याएका स्थानमा सम्बन्धित समितिका पदाधिकारीहरुबाट स्थलगत अध्ययन गर्दा तपशिल बमोजिमका योजना वा स्थानहरुमा रहेका सडक/विद्यालयहरु तत्काल मर्मत/निर्माण गर्नुपर्ने गरी सिफारिस भै आएकोमा विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी देहाय बमोजिमको रकम बिनियोजन गरी मर्मत/निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो।

तपसिल

- वडा नं.४ स्थित पच्चिस अर्चले सडकको मर्मत रु १,५०,०००।-
- वडा नं. १३ स्थित पत्रकन्या माध्यामिक विद्यालय मर्मत रु १,५०,०००।-
- वडा नं. १३ स्थित करौंखोला तटबन्धन तथा सडक संरक्षण रु ३,००,०००।-

१०. सामुदायिक भवन निर्माणका लागि सार्वजनिक जग्गा प्रयोग गर्ने सम्बन्धमा:

क. नीलकण्ठ नगरपालिका वडा नं. ४ को प.स.२०८१/०८२ च.नं.१६९२ मिति २०८२/०२/०८ को पत्रानुसार चालु आ.व.२०८१/०८२ मा वडा नं. ४ स्थित जयन्ति डाँडा सामुदायिक भवन निर्माण योजनाका लागि विनियोजित बजेट कार्यान्वयन गर्ने सन्दर्भमा उक्त भवन बन्ने स्थान ऐ.ऐ वडाको कित्ता नं. ६० सार्वजनिक जग्गा रहेको हुदाँ वडा समितिबाट निर्णय भइ उक्त स्थानमा भवन बनाउन सिफरिस भइ आएकोले योजना सम्झौता गरी कार्यान्वयनका लागि अनुमति दिने निर्णय गरियो।

ख. नीलकण्ठ नगरपालिका वडा नं. २ को प.स.२०८१/०८२ च.नं.१५४० मिति २०८१/११/०४ को पत्रानुसार चालु आ.व.२०८१/०८२ मा वडा नं. २ स्थित चिसापानीमा सहिद स्मृति सामुदायिक भवन निर्माण योजनाका लागि विनियोजित बजेट कार्यान्वयन गर्ने सन्दर्भमा उक्त भवन बन्ने स्थान ऐ.ऐ वडाको कित्ता नं. ८, २४६ सार्वजनिक जग्गा रहेको हुदाँ वडा समितिबाट निर्णय भइ उक्त स्थानमा भवन बनाउन सिफरिस भइ आएकोले योजना सम्झौता गरी कार्यान्वयनका लागि अनुमति दिने निर्णय गरियो। साथै उक्त सामुदायिक भवन नगरपालिकाको मतहतमा रहने गरी निर्माण कार्यको स्वीकृति दिने निर्णय गरियो।

११. कानुन कार्यविधि स्वीकृति गर्ने सम्बन्धमा:

क. होमस्टे सञ्चालन कार्यविधि-२०८१ का सम्बन्धमा,

यस नगरपालिकाको समग्र आर्थिक विकास र पर्यटन प्रवर्द्धनका लागि नगरपालिकाको भौगोलिक क्षेत्र भित्र सञ्चालन हुने होमस्टेहरुलाई व्यवस्थित/मर्यादित र पर्यटनमैत्री होमस्टेका रुपमा सञ्चालन गर्न आवश्यक रही निर्माण भएको नीलकण्ठ नगरपालिकाको होमस्टे सञ्चालन कार्यविधि-२०८१ स्वीकृत गर्ने निर्णय गरियो।

ख. कृषक समुह/समिति गठन तथा व्यवस्थापन कार्यविधि,२०८१ का सम्बन्धमा,

नीलकण्ठ नगरपालिकाको समग्र आर्थिक विकासलाई व्यवस्थित र मर्यादित बनाउन वा दैनिक कार्य सम्पादनमा सहजीकरणका लागि आवश्यक भई तयार पारिएको नीलकण्ठ नगरपालिकाको कृषक समुह/समिति गठन तथा व्यवस्थापन कार्यविधि,२०८१ उपर बुदाँगत रुपमा छलफल गरी उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो।

१२. टोल विकास संस्था अनुदान रु २ लाख उपलब्ध गराउन सुचना आह्वन गर्ने सम्बन्धमा:

नीलकण्ठ नगरपालिका भौगोलिक क्षेत्र भित्र वा नगरपालिका वा वडा कार्यालयहरुमा आधिकारिक रुपमा दर्ता भई आफ्नो टोल विकासमा उल्लेखनीय कार्य गर्ने सम्पूर्ण टोल विकास संस्थाहरुका लागि चालु आ.व.२०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार टोल बिकास संस्था परिचालन शिर्षकमा विनियोजन भएको रकम टोल विकास संस्था मार्फत सरसफाई, वातावरण, संरक्षण, सामाजिक विभेद न्यूनिकरण लगायतका सामाजिक कार्यमा खर्च गर्ने गरी कार्यक्रम सञ्चालनको मोडल सहित १० दिनको म्याद राखी प्रस्ताव माग गर्ने निर्णय गरियो।

१३. आवश्यक कानुन निर्माण कार्यमा सैद्धान्तिक सहमती दिने सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाको प्रशाशनिक कार्यसम्पादन तथा कार्यालय व्यवस्थापनमा सहजीकरणका लागि आवश्यक पर्ने ऐन, कानून, कार्यविधि, निर्देशिका, मापदण्ड, नियम वा नियमावलीहरु बनाउन आवश्यक रहेको खण्डमा विधायन समितिलाई आवश्यकताको आधारमा कानून निर्माणका लागि सैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरियो।

- आन्तरिक आय व्यवस्थापन (जस्तै, कवाडीको/नदिजन्य पदार्थको ठेक्का लगाउने)

१४. मरेका जनावरहरु व्यवस्थापन कक्ष (Animal Disposal Pit) निर्माण गर्ने सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाको चालु आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी पशु बिमा शिर्षकमा विनियोजित रु ७ लाख कृषि पशुपंक्षी तथा जडीबुटी बिमा निर्देशिका-२०७९ अन्तर्गत प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि-२०८१ अनुसार स्थानीय सरकारबाट दोहोरो अनुदान दिन नमिल्ने गरी कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको मा. मन्त्री स्तरको मिति २०८१/०६/१६ को निर्णय अनुसार स्थानीय सरकारद्वारा बिमाको प्रिमियम रकम दिन नमिल्ने देखिएकोले उक्त बिमा प्रिमियमका लागि विनियोजन भएको रकमबाट नगरपालिकामा मरेका जनावरहरु व्यवस्थापन कक्ष (Animal Disposal Pit) निर्माणका लागि रकमान्तर भएको हुदाँ सो कक्ष निर्माणका लागि ३ नं. वडा कार्यालयको प.स.२०८१/०८२ चलानी नं.२५४५ मिति २०८२/०२/१४ को पत्रानुसार साविक नीलकण्ठ गा.वि.स. वडा नं. ५/घ मा पर्ने कित्ता नं.६५ को सार्वजनिक जग्गामा निर्माणका लागि सिफारिस भै आएको हुदाँ उक्त स्थानमा मरेका जनावरहरु व्यवस्थापन कक्ष निर्माणको लागि स्वीकृति दिने निर्णय गरियो।

१५. नीलकण्ठ नगरपालिका वडा नं. १२ को प्रहरी पोष्ट रहेको जग्गाका सम्बन्धमा:

नीलकण्ठ नगरपालिका वडा नं.१२ को प.स.२०८१/०८२ च.नं.१४९४ मिति २०८२/०२/०६ गतेको प्राप्त पत्रानुसार ऐ.ऐ वडाको शान्तिसुरक्षालाई व्यवस्थित राख्न दामगाडेमा स्थापना गरिएको अस्थायी प्रहरी पोष्ट ऐ.ऐ वडा कै सार्वजनिक जग्गा कित्ता नं.३८ ३९ को १ रोपनी १५ आना ३ पैसा ० दाम (१-१५-३-०) क्षेत्रफलमा बनेको हुदाँ उक्त अस्थायी पोष्टले चर्चेको सार्वजनिक जग्गा सोही प्रहरी पोष्टलाई भोगचलन गर्नका लागि जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

१६. शिक्षा समितिको निर्णयका सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ (संशोधन सहित) गठित नगर शिक्षा समितिको मिति २०८२ बैशाख १६ गते, मिति २०८२ जेठ ०४ गते र मिति २०८२

जेठ १३ गतेको बैठकबाट निर्णय भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गरी तपशिल बमोजिमका निर्णय उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

तपशिल

१. विद्यालयमा विगत देखी नै निजि स्रोतमा कार्यरत रहेका र नगर अनुदान शिक्षक नियुक्त हुनु भन्दा अगाडि शिक्षण गरेका शिक्षकहरुको लागि विद्यालयको अनुदान माग प्रस्तावना सहित निज शिक्षकहरुको हाजिरि र तलबभत्ता बुझेको भर्पाइ लगायतका कागजातका आधारमा नीलकण्ठ नगरपालिकाको आ.व.२०८०/०८२ को नीति बजेट तथा कार्यक्रममा शिक्षा तर्फको विद्यालयमा विविध शैक्षिक अनुदान शिर्षकबाट खर्च हुने गरी तपसिलका विद्यालयहरुलाई निम्नानुसार अनुदान रकम निकासा गर्न स्वीकृति दिने निर्णय गरियो।

तपसिल

१.शंखादेवी मा.वि. नी.न.पा.१ रु ९०,०००।-
२.सुनौलोभैरवी मा.वि. नी.न.पा.७ रु १,८६,०००।-
३.चण्डेश्वरी मा.वि. नी.न.पा.९ रु ५,४६,०००।-
४.स्थानपती आ.वि. नी.न.पा.१० रु ८०,०००।-
५.कुमारीदेवी मा.वि. नी.न.पा.१० रु २,००,०००।-
६.चण्डेश्वरी आ.वि. नी.न.पा.१० रु १,३०,०००।-
७.पशुपती मा.वि. नी.न.पा.१२ रु २,९२,०००।-
८.आमाको माया छात्रावास नी.न.पा.४ रु २,२५,०००।-

२. कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/०८२ को क्रियाकलाप न.२.७.१३.१३ को विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको उप क्रियाकलाप अन्तर्गत विद्यालयमा पुस्तकालय प्रयोगशाला तथा ICT व्यवस्थापन (फिक्सिङ किताब खरिद तथा ई-पुस्तकालय समेत) को लागि विद्यालयमा प्रस्तावना माग भए बमोजिम प्रस्तावना प्राप्त भएका तपसिलका विद्यालयहरुलाई निम्न शिर्षकमा कार्यक्रम बाँडफाड गरी निर्णय अनुमोदनका लागि कार्यपालिकामा पेश भएकोमा उक्त निर्णय उपर छलफल गरी स्वीकृति दिने निर्णय गरियो।

तपसिल

| क्र.स. | विद्यालयको नाम ठेगाना | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | लामागुरु महादेव मा.वि. नी.न.पा.-२ | पुस्तकालय | रु ६,५००००।- | |
| २ | सुनौलोभैरवी मा.वि. नी.न.पा.-७ | पुस्तकालय | रु ६,५००००।- | |
| ३ | पञ्चकन्या मा.वि. नी.न.पा.-५ | ICT ल्याब | रु ६,५००००।- | |

| | | | | |
|---|---|---|---|---|
| ४ | पाल्पासामरी भक्पाड मा.वि. नी.न.पा.-९ | ICT ल्याब | रु ६,५००००।- | |
| | | जम्मा | रु २६,०००००।- | |

३. कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/०८२ को क्रियाकलाप नं. २.७.१३.११ को शैक्षिक पहुँच सुनिश्चतता औपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको उप क्रियाकलाप नं. ६.७ अन्तर्गत सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदानको विषयमा छलफल गर्दा यस नगरपालिकामा सञ्चालित तपसिलका सामुदायिक सिकाइ केन्द्रहरुले कार्य प्रस्तावना पेश गरेकाले सो प्रस्तावना अनुरुप कार्यको कार्य प्रगति प्रतिवेदन पश्चात रकम निकासा गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

क. नीलकण्ठ सामुदायिक सिकाइ केन्द्र नी.न.पा.३

ख. खाल्टे सामुदायिक सिकाइ केन्द्र नी.न.पा.५

ग. भैरवी सामुदायिक सिकाइ केन्द्र नी.न.पा.६

घ. धुँवाकोट सामुदायिक सिकाइ केन्द्र नी.न.पा. १४

४. नीलकण्ठ नगरपालिकाको आ.व.२०८१/०८२ को नीति बजेट तथा कार्यक्रममा शिक्षा तर्फको उच्च शिक्षा अध्ययन छात्रवृत्ति शिर्षकबाट खर्च हुने गरी छात्रवृत्ति वितरण गर्न निवेदन मागको सूचना प्रकाशित गर्ने निर्णय गरियो।

५. शैक्षिकसत्र २०८२ मा विद्यालय समायोजन तथा कक्षा घटुवाका लागि विद्यालय समायोजन कार्यविधि,२०७९ को मापदण्ड समेतलाई आधार लिइ विद्यालय समायोजन, कक्षा घटुवा साथै दरवन्दी मिलानको लागि शिक्षा युवा तथा खेलकुद शाखाबाट प्राप्त विद्यालयगत तथ्याङ्कमा रहेर बृहत छलफल गरियो र वडा शिक्षा समितिबाट समेत वडाभित्र रहेका विद्यालयहरुको वास्तविक अवस्था सहितको प्रतिवेदन पेश गर्न पत्राचार गर्ने निर्णय गरियो।

६. यस नीलकण्ठ नगरपालिका वडा नं. १३ स्थित श्री मनरुपी माध्यमिक विद्यालयमा रिक्त रहेको गणित विषयको नि.मा.वि. राहत कोटालाइ विद्यालयको विषयगत आवश्यकता दर्शाइ वि.व्य.स. को निर्णय सहित सामाजिक विषयमा परिवर्तन गर्ने माग भएकाले उक्त राहत कोटाको गणित विषयलाई सामाजिक विषयमा रुपान्तरण गरी विज्ञापन अनुमति निर्णय अनुमोदनका गर्ने निर्णय गरियो।

७. नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाबाट प्राप्त तथ्याङ्क, सबै वडाका वडा शिक्षा समितिको निर्णय साथै नीलकण्ठ नगरपालिका विद्यालय समायोजन कार्यविधि, २०७९ समेतलाई मध्यनजर गरी शैक्षिक सत्र-२०८२ देखि लागुहुने गरी निम्न विद्यालयहरु समायोजन

र कक्षा घट्वाका कार्यपालिकामा तपसिल बमोजिम हुने गरी पेश भएको निर्णय उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क.स. | विद्यालयको नाम ठेगाना | हाल सञ्चालित कक्षा | शै.स.२०८२ बाट सञ्चालन हुने कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | कन्यादेवी आ.वि. नी.न.पा.१ | ३ | १ | |
| २ | जामुनी आ.वि. नी.न.पा. १ | २ | १ | |
| ३ | सोर्हघर आ.वि. नी.न.पा. २ | ३ | १ | |
| ४ | आहालडाडा आ.वि. नी.न.पा.२ | ३ | १ | |
| ५ | सुन्दरादेवी आ.वि. नी.न.पा.४ | ४ | १ | |
| ६ | मंगलादेवी आ.वि. नी.न.पा. ४ | १ | ECD | |
| ७ | गौरीशंकर आ.वि. नी.न.पा.५ | ३ | २ | |
| ८ | मनकामना आ.वि. नी.न.पा.५ | ३ | १ | |
| ९ | चक्रदेवी आ.वि. नी.न.पा. ५ | २ | १ | |
| १० | नवलपुर आ.वि. नी.न.पा.६ | ३ | १ | |
| ११ | जलकन्या आ.वि. नी.न.पा. ६ | ३ | १ | |
| १२ | कालिका आ.वि.नी.न.पा.८ | ३ | ० | [illegible] आ.वि. नी.न.पा.८ मा समायोजन |
| १३ | वरपिपल आ.वि. नी.न.पा.११ | ८ | ० | [illegible] आ.वि. नी.न.पा.११ मा समायोजन |
| १४ | लामास्थान आ.वि. नी.न.पा.११ | ५ | ३ | |
| १५ | पण्डितचौर आ.वि. नी.न.पा.१२ | ५ | ० | पशुपति आ.वि. नी.न.पा.१२ मा समायोजन |
| १६ | घट्वा आ.वि. नी.न.पा. १३ | ३ | १ | |
| १७ | सल्लाघारी आ.वि. नी.न.पा. १४ | २ | १ | |
| १८ | सुकौरावेसी बालविकास केन्द्र नी.न.पा.७ | ० | ECD | |

८. नीलकण्ठ नगरपालिका अन्तर्गतका विद्यालयहरुको कक्षा घटुवा तथा समायोजन भएका विद्यालय र अन्य विद्यालयका शिक्षक व्यवस्थापन तथा दरबन्दी मिलान तपसिल बमोजिम हुने गरी पेश भएको निर्णय उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क.स. | शिक्षक/ कर्मचारीको नामथर | दरबन्दी | हाल कार्यरत विद्यालयको नाम ठेगाना | काज खटाइएको विद्यालयको नाम ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | शारदा तिमल्सिना | प्रा.वि.राहत | जामुनी आ.वि. नी.न.पा.१ | महेन्द्रोदय कालिका मा.वि. नी.न.पा.५ | |
| २ | उषा गुरुङ | प्रा.वि.करार | कन्यादेवी आ.वि. नी.न.पा.१ | महेन्द्रोदय आ.वि. नी.न.पा.१ | |
| ३ | नवराज गिरी | प्रा.वि.राहत | कन्यादेवी आ.वि. नी.न.पा.१ | शंखादेवी मा.वि. नी.न.पा.१ | |
| ४ | सरस्वती गुरुङ | प्रा.वि.स्थायी | सोर्हघर आ.वि. नी.न.पा.२ | नीलकण्ठ मनमन्दिर मा.वि.नी.न.पा.३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | रेखा रेग्मी | प्रा.वि.स्थायी | सोहँघर आ.वि. नी.न.पा.२ | नीलकण्ठ बालमन्दिर मा.वि.नी.न.पा.३ | |
| ६ | राम प्रसाद रिजाल | प्रा.वि.स्थायी | आहालडाडा आ.वि. नी.न.पा.२ | महेन्द्र मा.वि. नी.न.पा.२ | |
| ७ | लेख बहादुर ढकाल | प्रा.वि.राहत | सुन्दरादेवी आ.वि. नी.न.पा.४ | गैरीगाँउ मा.वि. नी.न.पा. ४ | |
| ८ | उर्मिला घिमिरे | प्रा.वि.राहत | सुन्दरादेवी आ.वि. नी.न.पा.४ | नीलकण्ठ बालमन्दिर मा.वि.नी.न.पा.३ | |
| ९ | सरस्वती दाहाल | प्रा.वि.स्थायी | सुन्दरादेवी आ.वि. नी.न.पा.४ | नीलकण्ठ बालमन्दिर मा.वि.नी.न.पा.३ | |
| १० | मनिता खाँड ठकुरी | विद्यालयकर्मचारी | मंगलादेवी आ.वि. नी.न.पा.४ | गैरीगाँउ मा.वि. नी.न.पा. ४ | |
| ११ | तिलक प्रसाद ढुंगाना | प्रा.वि.स्थायी | गौरीशंकर आ.वि. नी.न.पा.५ | पतेनी आ.वि. नी.न.पा.५ | |
| १२ | गिता श्रेष्ठ | प्रा.वि.स्थायी | चक्रदेवी आ.वि. नी.न.पा.५ | पञ्चकन्या मा.वि. नी.न.पा.५ | |
| १४ | कृष्ण बहादुर श्रेष्ठ | प्रा.वि.राहत | मनकामना आ.वि. नी.न.पा.५ | पञ्चकन्या मा.वि. नी.न.पा.५ | |
| १५ | प्रमिला अधिकारी | प्रा.वि.स्थायी | मनकामना आ.वि. नी.न.पा.५ | शंखादेवी मा.वि. नी.न.पा.१ | |
| १६ | रिक्त | प्रा.वि.स्थायी | जलकन्या आ.वि. नी.न.पा.६ | पशुपति मा.वि.नी.न.पा.१२ | अनिवार्य अवकाश पछाड |
| १७ | सिताराम रिजाल | प्रा.वि.राहत | जलकन्या आ.वि. नी.न.पा.६ | चक्रदेवी आ.वि. नी.न.पा.६ | |
| १८ | दिप बहादुर राना | प्रा.वि.स्थायी | नवलपुर आ.वि. नी.न.पा.६ | भैरवी मा.वि. नी.न.पा.६ | |
| १९ | उदय सिंह राना | प्रा.वि.स्थायी | नवलपुर आ.वि. नी.न.पा.६ | भैरवी मा.वि. नी.न.पा.६ | |
| २० | विष्णु कुमार श्रेष्ठ | प्रा.वि.स्थायी | नवलपुर आ.वि. नी.न.पा.६ | नीलकण्ठ बालमन्दिर मा.वि.नी.न.पा.३ | |
| २१ | एक बहादुर सामरी | प्रा.वि.स्थायी | कालिका आ.वि. नी.न.पा.८ | पाल्पा सामरी भञ्ज्याङ मा.वि.नी.न.पा.९ | |
| २२ | बिमला दाहाल | विद्यालयकर्मचारी | कालिका आ.वि. नी.न.पा.८ | रामकोट मा.वि. नी.न.पा.८ | |
| २३ | भक्ति आले | बा.वि.स. | कालिका आ.वि. नी.न.पा.८ | नीलकण्ठ बालमन्दिर मा.वि.नी.न.पा.३ | |
| २४ | सरस्वती भट्ट | प्रा.वि.स्थायी | कालिका आ.वि. नी.न.पा.८ | पशुपती मा.वि. नी.न.पा.१२ | |
| २५ | सुलोचना श्रेष्ठ | प्रा.वि.स्थायी | कालिका आ.वि. नी.न.पा.८ | नीलकण्ठ बालमन्दिर मा.वि.नी.न.पा.३ | |
| २६ | रिक्त | प्रा.वि.राहत | जलदेवी आ.वि. नी.न.पा. ९ | प्रकास मा.वि. नी.न.पा.१ | |
| २७ | तोष बहादुर गुरुङ | नि.मा.वि.राहत | बरपिपल आ.वि. नी.न.पा.११ | सांकोष मा.वि. नी.न.पा.१२ | |
| २८ | मिरा श्रेष्ठ | नि.मा.वि.राहत | बरपिपल आ.वि. नी.न.पा.११ | शंखादेवी मा.वि. नी.न.पा. ११ | |
| २९ | राम माया श्रेष्ठ | प्रा.वि.स्थायी | बरपिपल आ.वि. नी.न.पा.११ | शंखादेवी मा.वि. नी.न.पा. ,११ | |
| ३० | रिक्त | प्रा.वि.राहत | बरपिपल आ.वि. नी.न.पा.११ | प्रकास मा.वि. नी.न.पा.१ | |
| ३१ | रिक्त | विद्यालय कर्मचारी | बरपिपल आ.वि. नी.न.पा.११ | सांकोष मा.वि. नी.न.पा.१२ | |
| ३२ | मान बहादुर श्रेष्ठ | प्रा.वि.राहत | बरपिपल आ.वि. नी.न.पा.११ | गोलाभञ्ज्याङ आ.वि. नी.न.पा.११ | |
| ३३ | सिला थोगटी | बा.वि.स. | बरपिपल आ.वि. नी.न.पा.११ | शंखादेवी मा.वि. नी.न.पा. ११ | |
| ३४ | हामन सिंह गुरुङ | प्रा.वि.स्थायी | लामास्थान आ.वि. नी.न.पा.११ | मञ्जुश्री मा.वि. नी.न.पा.११ | |
| ३५ | कुमार प्रसाद रिजाल | प्रा.वि.स्थायी | पण्डितचौर आ.वि. नी.न.पा. १२ | पशुपती मा.वि. नी.न.पा.१२ | |
| ३३ | पार्वती भण्डारी | प्रा.वि.स्थायी | पण्डितचौर आ.वि. नी.न.पा. १२ | नीलकण्ठ बालमन्दिर मा.वि. नी.न.पा.३ | |
| ३६ | राजेन्द्र सापकोटा | प्रा.वि.स्थायी | पण्डितचौर आ.वि. नी.न.पा. १२ | रत्न देवी आ.वि. नी.न.पा. १२ | |
| ३७ | बलराम रिजाल | प्रा.वि.स्थायी | पण्डितचौर आ.वि. नी.न.पा. १२ | रुद्रकन्या आ.वि. नी.न.पा. १२ | |
| ३८ | रबिना ढुंगाना | बा.वि.स. | पण्डितचौर आ.वि. नी.न.पा. १२ | पशुपती मा.वि. नी.न.पा.१२ | |
| ३९ | पवित्रा अधिकारी खड्का | विद्यालय कर्मचारी | पण्डितचौर आ.वि. नी.न.पा. १२ | नीलकण्ठ बालमन्दिर मा.वि.नी.न.पा.३ | |
| ४० | नारायण प्रसाद रिजाल | प्रा.वि.स्थायी | बटुवा आ.वि. नी.न.पा. १३ | रुद्र कन्या आ.वि. नी.न.पा.१२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१ | यशोदा खत्रकोटा रिमाल | प्रा.वि.राहत | बालविकास आ.वि. नी.न.पा.१४ | सरस्वती मा.वि. नी.न.पा.१४ | |
| ४२ | भैरव बहादुर अधिकारी | प्रा.वि.स्थायी | सल्लाघारी आ.वि. नी.न.पा.१४ | तर्मे रातमाटे मा.वि. नी.न.पा.१४ | |
| ४३ | शारदा थापा मगर | प्रा.वि.राहत | सल्लाघारी आ.वि. नी.न.पा.१४ | महेन्द्र मा.वि. नी.न.पा.२ | |
| ४४ | भवानी अर्याल | प्रा.वि.राहत | तर्मे रातमाटे मा.वि. नी.न.पा.१४ | नीलकण्ठ बालमन्दिर मा.वि.नी.न.पा.२ | |
| ४५ | रिक्त | बा.वि.स | भैरवी आ.वि. नी.न.पा. ६ | पूर्णलक्ष्मी बालविकास केन्द्र नी.न.पा.७ | |
| ४६ | सम्झना पोखेल | नि.मा.वि. नगर अनुदान | रामकोट मा.वि. नी.न.पा.८ | कुनीतो भैरवी मा.वि. नी.न.पा.७ | |
| ४७ | उर्मिला पाण्डे | प्रा.वि.नगर अनुदान | आहालडाडा आ.वि. नी.न.पा.२ | अन्नपुर्ण आ.वि. नी.न.पा.२ | |
| ४८ | नवराज कुमाल | नि.मा.वि. नगर अनुदान | पञ्चकन्या मा.वि. नी.न.पा.५ | जलदेवी आ.वि. नी.न.पा.२ | |
| ४९ | लक्ष्मी रोका | प्रा.वि.नगर अनुदान | गौरीशंकर आ.वि. नी.न.पा. १ | महेन्द्रोदय आ.वि. नी.न.पा.१ | |
| ५० | यशोदा गुरुङ | प्रा.वि.नगर अनुदान | कन्यादेवी आ.वि. नी.न.पा. १ | घुसेनी आ.वि. नी.न.पा.२ | |
| ५१ | प्रनिता जगकट्टेल | प्रा.वि.नगर अनुदान | रुद्र कन्या आ.वि. नी.न.पा.१२ | जलदेवी आ.वि. नी.न.पा.२ | |
| ५२ | सरस्वती घिमिरे | प्रा.वि.नगर अनुदान | रुद्र कन्या आ.वि. नी.न.पा.१२ | पशुपति मा.वि नी.न.पा.१२ | |
| ५३ | रिक्त | विद्यालय कर्मचारी | रेउराली आ.वि. नी.न.पा.९ | घण्डेश्वरी मा.वि. नी.न.पा.९ | |

१७. <u>योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्बन्धमा:</u>

यस नगरपालिका अन्तर्गत आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने नगर सभाबाट विनियोजित भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु आवश्यक संशोधन गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि यस पछि बस्ने नगर सभामा पेश गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

<u>तालिका नं.१</u>

| सि.न | भएको योजनाको नाम | रकम | हुनुपर्ने नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | बडा स्तरिय पूर्वाधार मर्मतसम्भार घटा नेपालटोल अधिकारी चोक सडक स्तरोउन्नती | २००००० | १.अमरावती नेपालगाउँ सडक नाला निर्माण | २००००० | |
| २. | रेडक्रस मार्फत ब्लडबैंक लगायत उपचारात्मक सहयोग (विनियोजित बजेटबाट रु १ लाख ५० हजार रकमान्तर गरिएको। बाँकी रकम सम्बन्धित शिर्षकमै राख्ने | ३००००० | ८ प्रकारको कडा रोग लागेको बिरामीहरुको लागि यातायात खर्च तथा ४ प्रकार (डाइलासिस,किड्नी ट्रान्सप्लान्ट क्यानसर र मेरुदण्ड पक्षघात) बिरामीको उपचारमा औषधभर्ना समेत) मा थप गर्ने | १५०००० | विनियोजित बजेटमा रकम अपुग भएको कारण थप गरिएको |
| | | | १.रेडक्रस मार्फत ब्लडबैंक लगायत उपचारात्मक सहयोग | १५०००० | |
| ३. | सवारी खरिद (स्कुटर खरिद) नी.न.पा.१ | ३५०००० | १. सिलेरी खोला,च्वाँटोटो छाँगा खानेपानी मर्मत | १००००० | |
| | | | २. नमुना आमा समुहको भवन जाने सिढि निर्माण | ५०००० | |
| | | | ३. पारकुना मानेडाडा सिढि निर्माण | २००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | शहिद स्मृति खेलकुद प्रतियोगिता कार्यक्रम | ३५०००० | मुकुन्देश्वर स्मृति पार्क व्यवस्थापन घेराबार तथा रङ्गरोगन नी.न.पा.६ | ३५०००० | |
| ४. | फेदी खोला कुलो सिंचाइ (पाल्ले) नी.न.पा.१ | १००००० | १.शंखादेवी मा.वि.खाइल व्यवस्थापन तथा इ.सि.डि विद्यार्थीको ३ कोठे शौचालय मर्मत नी.न.पा.१ | १००००० | |
| ५. | सवारी साधन खरिद नी.न.पा.८ | ४००००० | १. वडा कार्यालयको गेट कम्पाउण्ड निर्माण नी.न.पा.८ | ४००००० | |
| ६. | गुठ मरघाट निर्माण नी.न.पा.१४ | ३००००० | १. गुठ सामुदायिक भवन निर्माण नी.न.पा.१४ | ३००००० | |
| ७. | महाकट मन्दिर निर्माण नी.न.पा.१३ | २००००० | १. किराखोर स्मृति भवन निर्माण नी.न.पा.१३ | २००००० | |
| ८. | आधारभुत सिकाइकेन्द्र सुधार योजना नी.न.पा.१२ | १००००० | १. वामगाडे चौतारा मर्मत नी.न.पा.१२ | १००००० | |
| ९. | बेकयर अफ कम्सर्भसँगको सहकार्यमा व्यवसाय प्रवर्द्धन कार्यक्रम | २००००० | १.सुगम सामुदायिक भवन संरक्षण तथा तटबन्ध निर्माण नी.न.पा.३ सुगम टोल | ३१०००० | |
| | वडा नं.३ को राजस्वको बाकी रकम | ११०००० | | | |

१८. <u>योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्बन्धमा:</u>

यस नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनको निर्णय नं. ३४ र ऐ.ऐ नगर सभाबाट स्वीकृत विनियोजन ऐन, २०८१ को दफा (३) को उपदफा (२) र (३) अनुसार नगर प्रमुखज्यूलाई प्रत्यायोजित अधिकार अनुसार नगर सभाको विनियोजित बजेटको सीमामा रही तत्काल कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने एवम् पूर्वाधार विकास समितिबाट विभिन्न मितिमा सिफारिस भै आएका तत्काल कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुका सम्बन्धमा छलफल गरी तत्काल कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरु अन्य सार्वजनिक निर्माण शीर्षकबाट विनियोजन गरी कार्यान्वनय गर्ने निर्णय गरियो। साथै उक्त योजना तथा कार्यक्रमहरु अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

<u>तालिका- १</u>

| अन्य सार्वजनिक निर्माण शीर्षकबाट विनियोजित योजना तथा कार्यक्रमहरु | | | | |
|---|---|---|---|---|
| सि.न. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | ठेगाना | कैफियत |
| १ | सुगम सामुदायिक भवन संरक्षण तथा तटबन्ध निर्माण थप रकम नी.न.पा.३ सुगम टोल | १००००० | नी.न.पा.३ | |
| २ | बेलडाँडा सडक मर्मत कार्य (नेत्रावती गाउँपालिका सग साझेदारी) | ११४००० | नी.न.पा.१३ र नेत्रावती गा.पा. | |

१९. शिर्षक परिवर्तन गरी आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा:
यस नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनबाट स्वीकृत वडागत बजेट अन्तर्गत गुठ मरनघाट निर्माण शिर्षकमा रु ३०००००।- विनियोजन योजना कार्यान्वनयका लागि उपभोक्ता समिति गठन भै सकेको र उक्त निर्माण स्थल बन क्षेत्रमा पर्ने भई योजना कार्यान्वनय गर्न नसक्ने भनी उपभोक्ता समितिले मिति २०८२/०२/१२ गते बैठक बसी वडा कार्यालयसमक्ष पेश भएकोमा सम्पूर्ण कागजात सहित वडा नं.१४ को प.स.२०८१/०८२ चलानी नं.१४४५ मिति २०८२/०२/१६ गतेको पत्रानुसार जानकारी प्राप्त भएकोमा उक्त शिर्षकमा विनियोजन भएको रकम गुठ सामुदायिक भवन निर्माणमा शिर्षकान्तर गरी कार्यान्वयन गर्न स्वीकृति दिने निर्णय गरियो।

२०. नयाँ ट्रयाक निर्माण सम्बन्धी योजना सम्झौता तथा कार्यान्वयन गर्ने सम्बन्धमा।
क. नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनको निर्णय नं. २० अनुसार नगरक्षेत्रमा हुने सडक पूर्वाधार निर्माण गर्दा नयाँ कटिङलाई न्यूनिकरण गर्ने निर्णय भएकोमा चालु आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी नगर सभाबाट विनियोजन भएको अधेरी विसौना सडक निर्माण शीर्षक नी.न.पा.८ मा रु ३०००००।- विनियोजन भएकोमा सो विनियोजित रकमबाट केही नयाँ ट्रायक (सडक) खोल्नुपर्ने भइ वडा कार्यालयको प.स.२०८१/०८२ च.न. १५१० मिति २०८२/०२/१४ को प्राप्त सिफारिस सहित योजना कार्यान्वयनका लागि पेश भएको हुदाँ उक्त योजना कार्यान्वनयका लागि स्वीकृति दिने निर्णय गरियो। साथै उक्त योजना कार्यान्वयन पश्चात प्राविधिक मूल्याङ्कनका आधारमा आउने रकम भुक्तानी दिने गरी योजना सम्झौता तथा कार्यान्वनय गर्ने निर्णय गरियो।

२१. एकीकृत कार्यालय व्यवस्थापन प्रणाली उपलब्ध गराउन अनुरोध गर्ने सम्बन्धमा:
नेपाल सरकार सूचना प्रविधि विभागबाट नेपाल सरकारका निकायहरुमा केन्द्रिकृत प्रणालीको रुपमा प्रयोग गर्न मिल्ने एकीकृत कार्यालय व्यवस्थापन प्रणाली यस नगरपालिकामा समेत जडान गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो। साथै

एकीकृत व्यवस्थापन प्रणाली सम्बन्धिका सम्पूर्ण कार्य गर्न सूचना प्राविधिक अधिकृत राजकुमार श्रेष्ठलाई तोक्ने निर्णय गरियो।

२२. अध्ययन बिदाका सम्बन्धमा:

यस नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मातहतमा रहेका स्वास्थ्य चौकीहरुको व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति अपुग भई स्वीकृत दरबन्दीको परिधिभित्र रही कानून बमोजिम प्रदेश लोक सेवा आयोगमा रिक्त दरबन्दी पूर्तिका लागि माग फारम भरी पठाइएकोमा प्रदेश लोकसेवा आयोग, बागमती प्रदेश, हेटौंडा, मकवानपुरको, सिफारिस २०८१/०८२, च.नं.४४३, मिति २०८२/०१/१४ गतेको पत्रबाट (विज्ञापन नं.२१४/०८०-०८१, महिला तर्फ) सिफारिस भई यस कार्यालय अन्तर्गत स्थानीय स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समुह, सहायकस्तर पाँचौं (प्राविधिक) तह, हेल्थ असिस्टेन्ट पदमा स्थायी नियुक्तिका लागि सिफारिस भई सुरु नियुक्तिका लागि आएको कर्मचारी स्वस्तीका कुमारी मिश्र, स्वीकृत दरबन्दी भएको धुवाकोट स्वास्थ्य चौकी नी.न.पा.१४ मा कामकाजको लागि खटिइ हाजिर भएको अवस्था रहेकोमा निज कर्मचारीले मिति २०८२/०२/०८ गतेका दिन अध्ययन विदाका लागि निवेदन दिएकोमा उक्त निवेदन उपर छलफल गर्दा यस नगरपालिकाको मातहतमा रहेको स्वास्थ्य चौकीमा लामो समयदेखी जनशक्ति अभावका कारण स्वास्थ्य जस्तो सम्वेदनशील विषयमा स्थानीय आम वडावासीहरु आधारभूत स्वास्थ्य सुविधा लिनबाट बञ्चित भएको विद्यमान अवस्थामा यस कार्यालयमा मिति २०८२/०२/०७ गते सुरु नियुक्ति लिए लगत्तै निजको अध्ययन बिदा स्वीकृत गर्दा पुन निजको दरबन्दीमा अर्को जनशक्ति राख्न नसकिने व्यवस्था रहेको, सोही पदमा नगरपालिकाबाट प्रदेश लोक सेवा आयोगमा जनशक्ति व्यवस्थापनका लागि माग गरिएकोमा उक्त पदमा नै सिफारिस भइ आएको र यस नगरपालिकालाई निजको अध्ययन पुरा भएको छ/छैन भन्ने विषयमा कुनै सरोकार नभएको र प्रदेश लोक सेवाबाट सिफारिस भई यस नगरपालिकामा माग भएको पदमा निजको सुरु नियुक्ति भएको अवस्था रहेको छ। बागमती प्रदेशद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५९ मा अध्ययन विदा सम्बन्धी भएको व्यवस्था अनुसार ऐ.ऐ. दफामा सम्बन्धित सेवा, समूह, उपसमूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था रहेकोमा निजले यस कार्यालयबाट अध्ययनका लागि कुनै पूर्वस्वीकृति नलिएको र ऐ.ऐ. ऐनको दफा ६३ (क) मा अध्ययन बिदा स्वीकृत गर्ने अधिकार सम्बन्धीत नगरपालिकाले गर्ने व्यवस्था रहेको साथै ऐ.ऐ. ऐनको दफा ६८ मा स्पष्ट रुपमा "बिदा अधिकारको कुरा होइन, सहुलियत मात्र हो।" भन्ने उल्लेख भए

समेतबाट प्रचलित कानूनको अधिनमा रही स्थानीय माग र सेवालाई केन्द्रमा राखी नेपालको संविधानको धारा (३५) मा उल्लेखित स्वास्थ्य सम्बन्धी मौलिक हकलाई पालना गरी आम नगर तथा वडा वासीहरुलाई न्यूनतम आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले माग गरिएको जनशक्तिको सवालमा हाललाई कुनै पनि अध्ययन विदा स्वीकृत गर्न नसकिने व्यहोराको जानकारी सम्बन्धित कर्मचारीलाई दिई तोकिएको स्वास्थ्य संस्थामा गई कामकाज गर्न निर्देशन दिने निर्णय गरियो।

२३. <u>दिशाजन्य लेदो व्यवस्थापनका सम्बन्धमा:</u>

नगरपालिकाको वर्तमान अवस्थामा रहेको ल्याण्डफिल्ड साइट (दिशाजन्य लेदो व्यवस्थापन) गरिरहेको स्थानको तत्काल विकल्प आवश्यक भएको र सोका लागि नगरपालिकाको क्षेत्रभित्रका विभिन्न स्थानहरुको अध्ययन अवलोकन गरिएकोमा नीलकण्ठ नगरपालिका वडा नं. ९ को प.स.२०८१/०२/१२ च.नं.१५६८ को प्राप्त पत्रबाट आएको जानकारीका सम्बन्धमा छलफल गर्दा ऐ.ऐ स्थानको झगरे स्थित पत्रकन्या-झगरे सामुदायिक वनसँग साँधसिमाना जोडिएको सार्वजनिक जग्गा क्षेत्रमा दिशाजन्य लेदो व्यवस्थापन (Fecal Sludge Treatment Plant)-FSTP निर्माणका लागि उपयुक्त देखिएको हुँदा सोही स्थानमा FSTP निर्माण गर्ने निर्णय गरियो। साथै दिशाजन्य लेदो व्यवस्थापन (Fecal Sludge Treatment Plant)-FSTP निर्माणका लागि सम्बन्धित पक्षलाई सोही स्थानको जग्गा उपलब्ध गराउने गरी सिफारिस गर्ने निर्णय गरियो।

२४. <u>अघिल्लो कार्यपालिकाको बैठकका निर्णयहरु समिक्षा गर्ने सम्बन्धमा:</u>

मिति २०८२ साल बैशाख १८ गते भएको नगर कार्यपालिकाको बैठकमा भएका देहाय बमोजिमका निर्णयहरु उपर छलफल तथा समिक्षा गरियो।

<u>तपसिल</u>

| सि.न. | मिति २०८१/०१/१८ मा भएका निर्णयहरु | कार्यान्वनयको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | कृषि तर्फका कार्यक्रम अनुदान स्वीकृत सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| २ | दुधको उत्पादनमा आधारित अनुदान स्वीकृत सम्बन्धमा। | स्वीकृत भइ कार्यान्वयनको अवस्थामा रहेको | |
| ३ | पशुसेवा तर्फको सशर्त अनुदान वितरण स्वीकृती सम्बन्धमा। | स्वीकृत भइ कार्यान्वयनको अवस्थामा रहेको | |
| ४ | फोहोर मैला व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि स्वीकृति सम्बन्धमा। | गठन भइ कार्यान्वयनको अवस्थामा रहेको | |
| ५ | नगर प्रहरी स्तर वृद्धि सहित जिम्मेवारी प्रदान गर्ने सम्बन्धमा। | कार्यान्वयन भएको | |
| ६ | निवृत कर्मचारी उपदान तथा सुविधाका सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| ७ | उठेको राजश्वको १० प्रतिशत बाट संचालन हुने कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा। | वडागत सिफारिस पश्चात कार्यान्वयन हुँदै आएको | |
| ८ | लामो समय सम्म अनुपस्थित रहने जनप्रतिनिधिहरुको सुविधाको विषयका सम्बन्धमा। | छलफल गरिएको र कार्यान्वयनको गर्न निर्देशन दिएको | |

| | | | |
|---|---|---|---|
| ९ | तह वृद्धि सम्बन्धमा। | मिति २०८२ श्रावण १देखी लागू हुने गरी निर्णय भएको | |
| १० | साना किसान सहकारीलाई कार्बाही गर्ने सम्बन्धमा। | पत्राचार गरिएको | |
| ११ | वडाबाटै जेष्ठ नागरिक परिचय पत्र वितरण गर्ने सम्बन्धम। | कार्यान्वयन गर्न निर्देशन दिएको | |
| १२ | पर्यटनबोर्डबाट प्राप्त रकमको म्याचिङ्ग फण्डका सम्बन्धमा। | नगरपालिकाको तर्फबाट बजेट सुनिश्चित गरी कार्यान्वयनको लागि पत्राचार गरिएको | |
| १३ | योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| १४ | आर्थिक सहयोग गर्ने सम्बन्धमा। | कार्यान्वयन भएको | |
| १५ | विद्यालय व्यवस्थापन समितिहरुको पदावधी सकिएकोले सामाजिक विकास कार्यालय गजुरीलाई सिफारिस गर्ने सम्बन्धमा। | सिफारिस गरिएको | |
| १६ | शिक्षा समितिको निर्णयका सम्बन्धमा। | स्वीकृत भइ कार्यान्वयनको अवस्थामा रहेको | |
| १७ | योजना सम्झौता गर्ने सम्बन्धमा। | सम्झौता तथा कार्यान्वयनको अवस्थामा रहेको | |
| १८ | जिल्ला स्तरीय कराँते प्रतियोगिताको भुक्तानी गर्ने सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| १९ | योजना माग सम्बन्धमा। | सिफारिस गरिएको | |
| २० | नयाँ ट्र्याक निर्माण सम्बन्धी योजना सम्झौता तथा कार्यान्वयन गर्ने सम्बन्धमा। | सम्झौता तथा कार्यान्वयनको अवस्थामा रहेको | |
| २१ | साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा। | सम्झौता तथा कार्यान्वयनको अवस्थामा रहेको | |
| २२ | उत्कृष्ट कर्मचारी छनौट गर्ने सम्बन्धमा। | कार्यान्वयन भएको | |
| २३ | एकीकृत कार्यालय व्यवस्थापन प्रणालीका सम्बन्धम। | कार्यान्वयनका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको | |
| २४ | विभिन्न शीर्षकमा बचत भएको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने सम्बन्धमा। | रकमान्तर भइ कार्यान्वयनको अवस्थामा रहेको | |
| २५ | पाँचौ मेयर कप-२०८१ प्रतियोगिताको रकम भुक्तानी सम्बन्धमा। | सम्पन्न भएको | |
| २६ | विपद् प्रभावित निजि आवासको दोस्रो किस्ता भुक्तानी सम्बन्धमा। | सम्पन्न भएको | |
| २७ | अध्यान प्रतिवेदन तयार गर्ने सम्बन्धमा। | कार्यान्वयनको अवस्थामा रहेको | |
| २८ | खेलकुदमा आर्थिक सहयोग गर्ने सम्बन्धमा | कार्यान्वयन भएको | |
| २९ | प्रथम नीलकण्ठ मेयर फुटसल कप-२०८१ मा अपुग रकम थप गर्ने सम्बन्धमा | कार्यान्वयन भएको | |
| ३० | चालु आ.व.२०८१/०८२ को आन्तरिक लेखा परिक्षण गराउने सम्बन्धमा | कार्यान्वयनको चरणमा रहेको | |
| ३१ | अघिल्लो कार्यपालिकाको बैठकका निर्णयहरु समिक्षा गर्ने सम्बन्धमा। | समिक्षा गरिएको | |
| ३२ | अन्य विविध विषयहरुका सम्बन्धमा। | | |
| | क.संस्थागत र व्यक्तिगत नगरपालिकामा बढि राजश्व बुझाउने कर दातालाइ सम्मान गर्ने | सम्पन्न भएको | |
| | ख. टोल विकास संस्थालाइ सम्मान गर्ने | सम्पन्न भएको | |

२५. <u>अन्य विविध विषयहरुका सम्बन्धमा:</u>

क. नगर सभाको निर्णयानुसार राजश्व संकलनका आधारमा वडागत रुपमा उठेको राजश्वबाट १० प्रतिशत सम्बन्धित वडाको राजश्व सुधार र पूर्वाधार निर्माणमा खर्च गर्ने गरी उपलब्ध गराउने निर्णयानुसार नीलकण्ठ नगरपालिका वडा नं.३ को प.स.२०८१/०८२ च.नं.२४०८ मिति २०८२/०१/३१ को पत्रानुसार वडा समितिको निर्णयबाट सिफारिस भै आएकोमा सो रकमबाट १ थान टेलिभिजन खरिद गर्ने र बाँकी रकम नागरिक विसराम र शारिरिक व्यायम स्थलमा थप गरी कार्यान्वयन हुने गरी विनियोजन भएकोमा स्वीकृत गर्ने निर्णय गरियो।